Department of Health

乳癌篩查先導計劃 Breast Cancer Screening Pilot Programme Phase II

# स्तन क्यान्सर स्क्रिनिङ पाइलट कार्यक्रम – चरण II

सरकारी अनुदान प्राप्त स्तन क्यान्सर स्क्रिनिङ पाइलट कार्यक्रम – चरण II ("कार्यक्रम") प्रारम्भ भएको छ। सरकारले स्तन क्यान्सर विकास हुने उच्च जोखिममा भएका योग्य महिलाहरूका लागि अनुदान प्राप्त स्तन क्यान्सर स्क्रिनिङ उपलब्ध गराउन निर्धारित सेवा प्रदायकहरूसँग सहकार्य गर्दछ।

## कार्यक्रमको पृष्ठभूमि

स्तन क्यान्सरको स्क्रिनिङ कुनै पनि लक्षण देखिनुअघि नै प्रारम्भिक चरणमा स्तन क्यान्सर पहिचान गर्नमा लक्षित छ, ताकि क्यान्सर बढ्नबाट रोक्नका लागि प्रभावकारी र समयमै उपचार प्रदान गर्न सकियोस्। क्यान्सर रोकथाम र स्क्रिनिङमा क्यान्सर विशेषज्ञ कार्यरत समूहका सिफारिसहरूका आधारमा सरकारले स्तन क्यान्सरको स्क्रिनिङका लागि जोखिममा आधारित दृष्टिकोण अपनाएको छ। स्तन क्यान्सर विकास हुने बढ्दो वा मध्यम जोखिममा भएका महिलाहरूलाई हरेक दुई वर्षमा स्क्रिनिङ गर्न सल्लाह दिइन्छ भने स्तन क्यान्सर विकास हुने उच्च जोखिम भएका महिलाहरूलाई हरेक वर्ष स्क्रिनिङ गर्न सल्लाह दिइन्छ।

## सहभागीहरूको योग्यता

कार्यक्रममा सहभागी हुनका लागि योग्य व्यक्तिहरूले निम्नलिखित सबै मापदण्ड पूरा गर्नु पर्छ:

- 35 र 74 वर्ष बिचका महिलाहरू। स्तन वा डिम्बाशय क्यान्सरको पारिवारिक इतिहास भएका महिलाहरूका लागि उनीहरूको सबैभन्दा कम उमेरको आफन्तलाई निदान गरिएको उमेरभन्दा 10 वर्षअघि स्क्रिनिङ सुरु गरिन सक्छ (तर 30 वर्षभन्दा कम उमेरमा होइन)
- हङकङको परिचपर्तर्[1] वा छुटको पर्माणपतर् र्ारक
- इलेक्टर्ोनिक स्वास्थ्य पर्णाली (eHealth) मा रेकडर् गरिएको डेटा
- निम्नलगायत स्तन क्यान्सरको उच्च जोखिममा भएका
  - निश्चित आनुवंशिक उत्परिवर्तन(हरू) का बाहक (जस्तै *BRCA1*, *BRCA2*, आदि) जुन आनुवंशिक परीक्षणद्वारा पुष्टि गरिएको स्तन क्यान्सर विकास हुने बढ्दो आजीवन जोखिममा रहेको छ। वंशाणुगत गुणहरूको सूचीका उदाहरणहरू यहाँ फेला पार्न सकिन्छ: www.breastscreen.gov.hk वा
  - स्तन क्यान्सर वा डिम्बाशय क्यान्सरको बलियो पारिवारिक इतिहास भएको, जस्तै:
    - कुनै पनि पहिलो डिग्रीको महिला आफन्तमा[2] *BRCA1/2* को उत्परिवर्तन पुष्टि भएको छ
    - स्तन क्यान्सर र डिम्बाशय क्यान्सर दुवै भएको[3] कुनै पनि पहिलो वा दोस्रो डिग्रीको महिला आफन्त
    - द्विपक्षीय स्तन क्यान्सर भएको कुनै पनि पहिलो डिग्रीको महिला आफन्त
    - स्तन क्यान्सरको इतिहास भएको कुनै पनि पुरुष आफन्त
    - स्तन क्यान्सर भएका 2 जना पहिलो डिग्रीका आफन्त र उनीहरूमध्ये एक जनालाई ≤50 वर्षको उमेरमा निदान गरिएको

---

1 पहिले हङकङमा ल्यान्ड हुन वा हङकङमा बसिराख्न अनुमति प्राप्त गरेको पहिलेको अनुमतिको निष्ठाद्वारा आफ्नो हङकङको परिचयपत्र प्राप्त गरेका र त्यस्तो अनुमतिको म्याद समाप्त भएको वा मान्य नभएको व्यक्ति बाहेक

2 पहिलो डिग्रीको महिला आफन्तले आमा, दिदीबहिनी वा छोरीलाई जनाउँछ

3 दोस्रो डिग्रीको महिला आफन्तले काकी, हजुरआमा, नातिनी, भतिजी वा सौतेनी आमा/बुबाकी छोरी जनाउँछ।

    - डिम्बाशय क्यान्सर भएको ≥2 जना पहिलो वा दोस्रो डिग्रीका महिला आफन्त
    - स्तन क्यान्सर भएका वा स्तन क्यान्सर र डिम्बाशय क्यान्सरको संयोजन भएका ≥3 जना पहिलो वा दोस्रो डिग्रीका महिला आफन्त
- लक्षण नदेखिने स्तन क्यान्सर
- स्तन क्यान्सरको इतिहास नभएको
- गत एक वर्षमा कुनै म्यामोग्राफी स्क्रिनिङ नगरिएको वा आफ्नो डाक्टरले कार्यक्रममा नामाङ्कन गर्ने समयमा सल्लाह दिएको म्यामोग्राफी स्क्रिनिङ गर्न बाँकी रहेको

तल वर्णन गरिएको कुनै पनि इतिहास भएका महिलालाई आफ्ना डाक्टरसँग फलोअप गर्न सल्लाह दिइन्छ र उनीहरू कार्यक्रमका लागि **योग्य हुँदैनन्**:
- उपचारका लागि 10 र 30 वर्षको बिचमा छातीमा रेडियसन थेरापी गराएको इतिहास
- स्तन क्यान्सरको इतिहास
- स्तनको असामान्य डक्टल वा लोबुलर हाइपरप्लेसियाको इतिहास

## स्तन क्यान्सर स्क्रिनिङ परीक्षणहरू

### म्यामोग्राफी

- म्यामोग्राफी भनेको स्तनको एक्स-रे परीक्षण हो। अध्ययनहरूले देखाएका छन् कि सजिलै देख्न वा अनुभव गर्न नसकिने प्रारम्भिक चरणका स्तन ट्युमरहरू पहिचान गर्नमा म्यामोग्राफी प्रभावकारी हुन्छ।
- यस प्रक्रियाको अवधिमा सहभागीले आफ्नो शरीरको माथिल्लो कपडा हटाउने छन्। एक्स-रे मेसिनको समतल प्लास्टिक प्याडलमा स्तनलाई बिस्तारै थिचेर राखेर स्तनका एक्स-रे छविहरू फरक कोणहरूमा लिन सकिन्छ।
- स्तन थिचेर राख्दा सहभागीलाई असहज वा दुखाइ समेत हुन सक्छ, तर म्यामोग्राफीको उक्त हिस्सा केही सेकेन्ड मात्र गरिन्छ र छविको गुणस्तर र निदानको शुद्धता सुधार गर्न यो अत्यावश्यक हुन्छ।
- कार्यक्रममा 2D-म्यामोग्राफी अपनाइन्छ।

### स्तनको अल्ट्रासाउन्ड

- चिकित्सकीय रूपमा जनाइएको भएमा डाक्टरद्वारा सहभागीलाई स्तनको थप अल्ट्रासाउन्ड गर्न सल्लाह दिन सकिन्छ। स्तनको अल्ट्रासाउन्ड भनेको स्तनको तन्तुमा उच्च आवृत्तिको ध्वनि तरङ्ग प्रसारण गरेर र परावर्तित प्रतिध्वनिलाई छविमा रूपान्तरण गरेर स्तनको भित्री वातावरण भिजुअलाइज गर्ने परीक्षण हो।

## स्क्रिनिङ कार्यप्रवाह

**सेवा प्रदायक फेला पार्नुहोस्**

- नामाङ्कित सेवा प्रदायकहरू र तिनको सम्पर्क जानकारीको सूचीका लागि www.breastscreen.gov.hk ब्राउज गर्नुहोस्
- क्लिनिकमा प्रदर्शित कार्यक्रम हेर्नुहोस्

⇩

**कार्यक्रममा सामेल हुनुहोस्**

- आफूले चयन गरेको सेवा प्रदायकलाई सम्पर्क गर्नुहोस् र आफ्नो मूल्याङ्कन निर्धारित गर्नुहोस्
- मूल्याङ्कनको दिनमा आफ्नो हङकङको परिचयपत्र वा छुटको प्रमाणपत्र देखाउनुहोस् र निर्देशन दिएअनुसार अन्य सान्दर्भिक मेडिकल कागजातहरू साथमा ल्याउनुहोस् (कुनै छ भने), जस्तै आनुवंशिक परीक्षण रिपोर्ट, चिकित्सा अभ्यासकर्ताको रिफरल पत्र, पहिलेको स्तन इमेजिङ रिपोर्ट, आदि।
- तपाईंलाई योग्य भनी मूल्याङ्कन गरिएमा सहमति फाराममा हस्ताक्षर गर्नुहोस् र इमेजिङको अपोइन्टमेन्ट बनाउनुहोस्

⇩

**सम्बद्ध इमेजिङ सेन्टरहरूबाट म्यामोग्राफी स्क्रिनिङ गर्नुहोस्**

(र डाक्टरले सल्लाह दिएअनुसार अल्ट्रासाउन्ड इमेजिङ)

⇩

**सेवा प्रदायकबाट स्क्रिनिङको नतिजाको सूचना प्राप्त गर्नुहोस्**

⇩ ⇩

| **सामान्य नतिजा** | **असामान्य नतिजा** |
| --- | --- |
| ● हरेक वर्ष मूल्याङ्कन र स्क्रिनिङ दोहोऱ्याउनुहोस्<br>● हरेक समयमा स्तनको बारेमा सावधान हुनुहोस् र तपाईंले स्तनमा कुनै असामान्य परिवर्तनहरू देख्नुभएमा तत्काल डाक्टरसँग परामर्श लिनुहोस् | ● स्क्रिनिङको नतिजा र फलो-अप योजनाको बारेमा छलफल गर्न डाक्टरसँग परामर्श गर्नुहोस्<br>● (जनाइएको छ भने) डाक्टरले सल्लाह दिएअनुसार थप म्यामोग्राफी र/वा स्तनको अल्ट्रासाउन्ड गराउनुहोस्<br>● (जनाइएको छ भने) विशेज्ञहरूको रिफरल प्राप्त गर्नुहोस् |

## उच्च जोखिममा भएका महिलाले विचार गर्न सक्ने अन्य सेवाहरू (कार्यक्रमअन्तर्गत नसमेटिने)

स्तन क्यान्सरको उच्च जोखिममा भएका महिलाहरूले उनीहरूसँग भएका जोखिमका कारकहरूका आधारमा यस कार्यक्रमअन्तर्गत नियमित म्यामोग्राफी स्क्रिनिङ गर्नुका साथसाथै अन्य सेवाहरू प्रयोग गर्ने विचार पनि गर्न सक्छन्। यी सेवाहरूमा स्तनको म्याग्नेटिक रेजोनेन्स इमेजिङ (MRI) स्क्रिनिङ, आनुवंशिक परामर्श र परीक्षण र स्तन क्यान्सरका जोखिम न्यूनीकरण रणनीतिहरूमा विशेषज्ञहरू (जस्तै स्तन सर्जनहरू, स्त्रीरोग विशेषज्ञहरू) सँग परामर्श जस्ता कुरा समावेश हुन्छन्। यी सेवाहरू कार्यक्रमअन्तर्गत नसमेटिने भए तापनि सहभागीहरूलाई अन्य चिकित्सा संस्थाहरूमा रिफर गर्न सकिन्छ जहाँ उनीहरूले यी सेवाहरूमा पहुँच पाउन र अनुकूलित हेरचाह प्राप्त गर्न सक्छन्। यद्यपि, सहभागीहरूले लागेको शुल्क ब्यहोर्नु पर्ने हुन्छ।

## सेवा प्रदायकहरूको विवरण र सह-भुक्तानी

### स्क्रिनिङ कहाँ गराउने

अनुदान प्राप्त स्तन क्यान्सर स्क्रिनिङ सेवा प्रदान गराउने सेवा प्रदायक र तिनका मेडिकल क्लिनिकहरूको सूचीका लागि www.breastscreen.gov.hk मा जानुहोस्। कृपया परामर्शका लागि अपोइन्टमेन्ट निर्धारण गर्न आफूले चाहेको सेवा प्रदायक छान्नुहोस् र सम्पर्क गर्नुहोस्।

### सह-भुक्तानी

यो कार्यक्रम सरकारद्वारा अनुदान प्राप्त भए तापनि अलग सेवा प्रदायकहरूले सहभागीहरूलाई उनीहरूको इमेजिङ सेवाका लागि सरकारी अनुदानको अतिरिक्त सह-भुक्तानी गर्न अनुरोध गर्न सक्छन्। प्रति म्यामोग्राफी वा अल्ट्रासाउन्ड स्क्रिनिङको सह-भुक्तानी बढीमा $225 हुन्छ। सह-भुक्तानीको विवरण कार्यक्रमको वेबसाइटमा सूचीबद्ध गरिएको छ।

## कृपया ध्यान दिनुहोस्:

1. सबै स्क्रिनिङ परीक्षणहरू 100% सटीक हुँदैनन्। तिनीहरूका सीमितताहरू हुन्छन् र सम्भावित जोखिम बोकेका हुन्छन्, उदाहरणका लागि, फल्स पोजेटिभ, फल्स-नेगेटिभ, अति-निदान र अनावश्यक उपचार।
2. स्तन क्यान्सरको स्क्रिनिङ गर्न चाहने महिलाहरूले स्क्रिनिङ गर्नुअघि आफ्नो डाक्टरसँग सम्भावित लाभ र हानिहरूका बारेमा छलफल गर्नु पर्छ।
3. सूचीबद्ध सेवा पर्दायकहरू सम्बन्धित सबै चिकित्सकीय हेरचाह र व्यवस्थापनका लागि पेशागत रूपमा जिम्मेवार हुन्छन्। सरकारले यो सन्दभर्मा कुनै पनि जिम्मेवारी र दायित्व वहन गदैर्न।
4. सहभागीहरूलाई थप अनुसन्धान वा व्यवस्थापनका लागि अन्य मेडिकल संस्थामा रिफर गरिएमा यी सेवाहरूले लिने शुल्क कार्यक्रमअन्तर्गत अनुदान प्राप्त हुँदैन।

कार्यक्रमको बारेमा थप जानकारीका लागि कृपया www.breastscreen.gov.hk मा जानुहोस्

स्वास्थ्य विभाग, हङकङ विशेष प्रशासनिक क्षेत्र
2025 मा प्रकाशित